श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**फैसला**

सम्बत् २०६९/०७० सालको स.फौ.नं.**२४/४४** (हातहतियार)

दर्ता मिति :– **२०६९/०५/१३**

मुद्दा :– **हातहतियार खरखजाना** ।

निर्णय नं.६७४, मिति :– **२०७०/१०/२२**

**वादी**

प्रहरी प्रतिवेदन जाहेरीले **नेपाल सरकार**..................१

निजको प्रमाण...................................

साक्षी...........................................

कागज..........................................

**प्रतिवादी**

जिल्ला मकवानपुर, राईगाउँ गा.वि.स. वडा नं. ८ घर भई हाल का.जि.,कि.न.पा.-२ बस्ने विजय भन्ने चमार तामाङ्गको श्रीमती बर्ष १९ की मनामाया तामाङ्ग...................................................१

ऐ.ऐ.बस्ने हजिरमान तामाङ्गको छोरा वर्ष २८ को विजय भन्ने चमार तामाङ्ग...........................................................................१

जि.पाँचथर, दुरदिम्वा गा.वि.स.वडा नं.८ घर भई का.जि.स्यूचाटार-२ बस्ने सन्तकुमार लिम्वुको छोरा वर्ष २५ को साइला भन्ने अमर लिम्वु...१

निजको प्रमाण ..................................................................

साक्षी ......................................................................................

कागज .........................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण..........................................

साक्षी..........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. का.जि.,कीर्तीपुर न.पा. वडा नं.२ अमृतनगर स्थित शारदा पौडेलको पूर्वि मोहडा गरी वनेको जस्ताको छानो भएको ३ वटा कोठा भएको टहरोको दक्षिण तर्फको पहिलो कोठाको ढोका खुल्ला रहेको अवस्थामा प्रहरी टोली प्रवेश गरी हेर्दा सोही कोठामा डेरा गरी बस्ने मनमाया तामाङ्गलाई कानून बमोजिम जनाउ पूर्जि दिई रीतपूर्वक तलासी गर्दा कोठाको दक्षिण तर्फको ढोका भित्र अगाडि सामुन्ने काठको विस्तारा सहितको खाटको तल हेर्दा झोला भित्र फलाम र काठले बनेको काठको बिड भएको फलामको भागको लम्वाई १९.२ से.मी.लम्वाई र काठको भागको लम्वाई ८ से.मी. लम्वाई भएको कटुवा पेस्तोल १, ऐ.मा लोड अवस्थामा रहेको 7.62 MFS95 लेखिएको गोली राउण्ड थान १ र अर्को ऐ. लेखिएको राउण्ड १ गोली थान १ र 7.62 MFS98 लेखिएको राउण्ड १ गोली गरी जम्मा ३ राउण्ड गोली, छालाको दाप भएको फलाम, काठ र पित्तलबाट बनेको विड भएको २७ से.मी.लामो धारिलो हतियार खुकुरी थान १, सोही खाटमाथि विस्तारामा रातो कालो रङ्गको डवल NCELL सिमकार्ड प्रयोग भएको चाइनिज Micromax लेखेको मोवाइल सेट थान १, सोही नजिक सिमकार्ड तथा व्याट्री समेत नभएको कालो रङ्गको Nokia लेखेको मोवाइल सेट थान १ फेला पारी हातहतियार खरखजाना भएको झोला थान १ समेत वरामद गरी सो कोठामा रहेकी मनमाया तामाङ्गलाई समेत पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरिएको भन्ने समेत व्यहोराको मिति २०६९/०४/२० गतेको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेकी मनमाया तामाङ्गले सोधपुछको क्रममा उक्त हतियार श्रीमान विजय भन्ने चमार तामाङ्गले ल्याई राखेको भनी खुलाएकीमा निज विजय भन्ने चमार तामाङ्गको खोज तलासको क्रममा

मजकूर कार्यालयबाट पक्राउ परेको भनि बुझिन आएकोले निज प्रतिवादीलाई सुरक्षितसाथ उपस्थित गराउन जि.प्र.का.चितवनलाई महानगरीय प्रहरी वृत्त कालिमाटी,काठमाण्डौबाट भएको पत्राचार ।

३. पक्राउ परेका प्रतिवादी चमार तामाङ्गले सोधपुछको क्रममा उक्त हतियार साइला भन्ने अमर लिम्वु,सम्पर्क नं.९८४११२१४५३ भएकाले हतियार किनी ल्याई दिन भनी रु ९,०००।- दिएकोले जि.पर्सा, बीरगन्जबाट रु ९,०००।-मा उक्त हातहतियार किनी ल्याई दिई पछि मैले मागी कोठामा ल्याई राखेको भनि वताएकोले निज साइला भन्ने अमर लिम्वुलाई समेत अनुसन्धानको लागि पक्राउ गरि दाखिला गरेको प्रहरी प्रतिवेदन ।

४. मेरो गाउँ घरका छिमेकी काका नाताका सुजन लिम्वुले मेरो जग्गाको साँध सिमाना मिची साह्रै दुःख दिएकाले निजलाई देखाई तर्साउन तथा नमानेमा हान्ने उद्धेश्यले अन्य कुरा नभनी विजय भन्ने चमार तामाङ्गसँग हतियार चाहियो भनी कुरा गर्दा म ल्याई दिन्छु भनेकोले रु ९,०००।- दिएकोमा करिव ४/५ दिन पछाडि उक्त हतियार ल्याई दिएकोले बाटो खर्च वापत रु ५००।- समेत दिएको थिए । पुनः पछि ३/४ हजार थप बाटो खर्च समेत माँग गरेकोमा सो दिएको थिएन,पछि निज विजय भन्ने चमार तामाङ्गले भक्तपुरमा पैसा उठाउनु छ दुई दिनको लागि भनी उक्त पेस्तोल लिइ गएकोमा निजसँग सम्पर्क गर्न नसकी त्यतिकै छाडि दिएको थिए । मिति २०६९/०४/२६ गते मलाई एक्कासी पक्राउ गरी सोधपुछ गर्दामात्र निज विजय तामाङ्गले आफु पक्राउ परेपछि मेरो वारेमा वताई दिएकोले म पक्राउ परेको थाहा पाए । विजय भन्ने चमार तामाङ्गले हतियार लगेपछि रकम उठायो उठाएन निजसँग सम्पर्क नभएकोले थाहा पाइन भनी प्रतिवादी साइला भन्ने अमर लिम्वुले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।

५. एकै कोठामा बस्ने साथी भएकोले अमर लिम्वुले हतियारको वारेमा कुरा गरेकोले मैले काम गर्ने ट्रकमा विरगन्ज जादा एक जना मधेशी मुलको मानिससँग हतियारको वारेमा कुरा गर्दा रु १५,०००।-पर्दछ भनेकोले सो कुरा निज अमर लिम्वुलाई भनेकोले निजले हतियार ल्याई दिन रु ९,०००।- मात्र छ भनि दिएकोले ल्याई दिएको हुँ । पछि ट्याक्सी भाडा वापत रु ५००।- लिएर दिएकोमा म सँगै काम गर्ने सुरेश राईले भक्तपुरमा पैसा उठाउन पर्ने तथा वालाजुमा एउटा घर हेरेको छु, लुटपाट गर्न जानु पर्छ भनि हतियारको कुरा गरेकोले आफुसँग हतियार भएको कुरा गरेपछि निज सुरेश राईले पटक/पटक कुरा गरेकोले २ दिनको लागि भनी अमर लिम्वुसँग हतियार मागेर ल्याएको र पछि के काहा जाने भन्दा भन्दै सम्पर्क छुटेपछि सो हतियार म सँगै रहेकोमा महिले सो हतियार राखेको वारेमा श्रीमतीलाई समेत थाहा थिएन भनी प्रतिवादी चमार तामाङ्गले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको वयान ।

५. पक्राउ परेका विजय भन्ने चमार तामाङ्गसँग दुई महिना अघि प्रेमविवाह गरी का.जि.कि.न.पा.-२ स्थित शारदा पौडेलको घरमा मा डेरामा सँगै बस्दै आएकोमा मिति २०६९/०४/२० गते दिनको १३.०० बजेको समयमा प्रहरी आई कोठा खानतलासी गर्दा पलङ्ग मुनी कालो व्यागमा कटुवा पेस्तोल थान १ सो मा लाग्ने गोली थान ३ फेला पारी वरामद गरी मलाई समेत पक्राउ गरी ल्याएको हो । सो हतियार एक पटक लुगा निकाल्ने क्रममा देखेकोमा श्रीमानलाई भन्न विर्सेको थिए । उक्त हतियार अमर लिम्वु भन्नेले मेरो श्रीमानलाई रु ९,०००।- दिई किनेको र पछि आफ्नो कोठामा ल्याई राखेको भन्ने व्यहोरा श्रीमानबाट थाहा पाएको हो भनी प्रतिवादी मनमाया तामाङ्गले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

६. का.जि.किर्तीपुर न.पा.-२ स्थित मेरो घरमा विजय भन्ने चमार तामाङ्ग ट्याक्सी चलाउछु भनी भाडामा बस्दै आएकोमा मिति २०६९/०४/२० गतेका दिन १३.०० बजेको समयमा निजको जेठी श्रीमती आई प्रहरीलाई खवर गरी कोठा खानतलासी गर्न लगाउदा उक्त कटुवा पेस्तोल तथा गोली थान ३ फेला परी तत्काल कोठामा रहेकी मनमाया तामाङ्गलाई पक्राउ गरी लगेको हो । सो हतियार निज चमार तामाङ्गले कुन उद्धेश्यको लागि ल्याएको हो थाहा भएन भनी घर धनी शारदा पौडेल र रोशन पौडेलले गरी दिएको घटना विवरण कागज ।

७. संकलित कागज प्रमाणहरुबाट का.जि.किर्तीपुर न.पा.वडा नं.२ स्थित शारदा पौडेलको घरमा डेरा गरी बस्ने प्रतिवादी विजय भन्ने चमार तामाङ्गको कोठाबाट मिति २०६९/०४/२० गतेका दिन १३.०० बजेको समयमा प्रहरी टोलिले खानतलासी गरी कटुवा पेस्तोल थान १,सो मा लाग्ने गोली थान ३ वरामद गरी निजको श्रीमती मनमाया तामाङ्गलाई समेत तत्काल पक्राउ गरेको,निज मनमाया तामाङ्गले सोधपुछका क्रममा खुलाई दिएको वयानका आधारमा पक्राउ परेका निजकै श्रीमान विजय भन्ने चमार तामाङ्ग तथा चमार तामाङ्गले वयानको क्रममा खुलाई दिई पक्राउ परेका प्रतिवादी साइला भन्ने अमर लिम्वु समेतले घटना विवरण स्वीकार गरी दिएको वयान कागजातहरुका आधारमा उल्लेखित प्रतिवादीहरुले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२), ४(२) र ५(१) विपरितको कसूर गरेको हुदा निज प्रतिवादी मनमाया तामाङ्ग,प्रतिवादी विजय भन्ने चमार तामाङ्ग र प्रतिवादी साइला भन्ने अमर लिम्वु उपर सोही ऐनको दफा २०(२)र २०(३) बमोजिम सजाय हुन र बरामद भएको कटुवा पेस्तोल थान-१, सो मा लाग्ने गोली थान-३,समेत सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

८. वरामदी मुचुल्काको व्यहोरा ठीक हो सो अनुसारको पेस्तोल र गोली मेरो कोठाबाट वरामद भएको हो ।उक्त हतियार मेरो लोग्ने चमार तामाङ्गले भारतको रक्सौलबाट रु ९,०००।- खरिद गरी ल्याएर अमर लिम्वुलाई दिएको ठीक हो,पछि के कुन कारणले मेरो लोग्नेले मागी ल्याई कोठामा राखेकोले वरामद भएको हो भनी प्रतिवादी मनमाया तामाङ्गले यस कार्यालयमा गरेको वयान ।

९. मेरो का.जि.किर्तीपुर-२ स्थित कोठाबाट प्रहरीले कटुवा पेस्तोल-१,गोली थान-३,खुकुरी थान-१ झोला थान-१,र मोवाइल थान-२ समेत वरामद गरेको हो,उक्त पेस्तोल र गोली भारतको रक्सौलबाट सुरेशले मलाई वीरगन्जसम्म पुऱ्याई दिएकोले २०६९ पौष २८ गते रु ९,०००।- मा खरिद गरी ल्याएको हो, सो को ईजाजत छैन,मेरो साथी अमर लिम्वुले नाता पर्नेलाई हतियार देखाएर तर्साउनुछ भनेकाले किनी ल्याई दिएको हो,वीरगन्जबाट सुमोको टिकट काटी काठमाण्डौंसम्म ल्याई कोठामा राखेको हो भनी प्रतिवादी विजय भन्ने चमार तामाङ्गले यस कार्यालयमा गरेको वयान ।

१०. मलाई मेरो कोठा स्यूचाटारबाट मिति २०६९/०४/२६ गते पक्राउ प्रहरीले गरेको हो,वरामदी मुचुल्का अनुसारको हतियार देखी पाए, मैले सो हतियार चमार तामाङ्गलाई रु ९,०००।- दिई खरिद गरी ल्याउन पठाएको हुँ,सो हतियार छ दिन जति मेरो कोठामा राखेको थिए, सो पछि निजले भक्तपुरमा १० लाख रुपैया उठाउनु छ दिनुहोस् भनि मागेकाले मैले दिएको हुँ, पछि सुराकीले पत्ता लगाई निजको कोठाबाट वरामद भएको हो,मेरो गाउमा काकासँग विवाद भएकोले काकालाई तर्साउनको लागि खरिद गरेको हुँ भनी प्रतिवादी साइला भन्ने अमर लिम्वुले यस कार्यालयमा गरेको वयान ।

११.प्रतिवादीहरुले यस कार्यालयमा वयानको क्रममा अभियोग स्वीकारी वयान गरेकाले पछि मुद्दा फैसला भएका वखत ठहरे वमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा २४क वमोजिम सबै प्रतिवादीहरुलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने भन्ने यस कार्यालयबाट मिति २०६९/०५/१३ मा भएको थुनछेक आदेश ।

१२. बरामद भई आएको कटुवा पेस्तोल " Local made (home made ) pistol भएको र चालु हालतमा रहेको तथा दुइवटा गोली जिवीत अवस्थाका र एउटा गोली मिसफायर्ड भएको गोली रहेको " भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको हतियार परीक्षण प्रतिवेदन ।

१३.मनमाया तामाङ्ग र चमार तामाङ्ग मेरो घरको कोठामा बस्दथे, मिति २०६९/०४/२० गते प्रहरीले निजहरुको कोठाबाट पेस्तोल थान १, गोलीहरु र मोवाइल सेट फेला पारी वरामद गरी लगेको ठीक साँचो हो,वरामदी मुचुल्कामा भएको दस्तखत मेरो हो,त्यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, चमार तामाङ्गको श्रीमती मनमायालाई समेत प्रहरीले पक्राउ गरी लगेको ठीक हो भनी वादी पक्षका साक्षी शारदा पौडेल र रोशन पौडेलले यस कार्यालयमा गरेको करिव एकै मिलानको वकपत्र ।

१४. मिति २०६९/०४/२० गते प्रतिवादी मनमाया तामाङ्ग र चमार तामाङ्गको कोठाबाट पेस्तोल थान १,गोली ३ राउण्ड,खुकुरी थान १,मोवाइल थान १ सिम थान १ फेला पारी वरामद गरी वरामदी मुचुल्का तयार गरी पेश गरेको ठीक साँचो हो,वरामदी मुचुल्काको काम तामेल म समेतले गरेको ठीक साँचो हो, मनमाया तामाङ्गलाई पक्राउ गरेको ठीक साँचो हो, निज प्रतिवादीहरुलाई कानून बमोजिम सजाय हुनु पर्छ भनी वादी पक्षका प्रतिवेदक प्र.नि.ज्ञानकुमार महतो, प्र.स.नि.वासुदेव वली र प्र.स.नि.पूर्णबहादुर श्रेष्ठले यस कार्यालयमा गरेको करिव एकै मिलानको वकपत्र ।

## यस कार्यालयको ठहर

१५. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी मनमाया तामाङ्ग,प्रतिवादी विजय भन्ने चमार तामाङ्ग र साइला भन्ने अमर लिम्वुले हातहतियार खरखजाना ऐन, २०१९** को दफा ३(२), ४(२) र ५(१) विपरितको कसूर **अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

१६. यसमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी प्रतिवादीका तर्फबाट उपस्थित विद्धान अधिवक्ता द्धय विनोद कार्की र सुनिलकुमार शर्मा समेतको वहस सुनी निर्णय तर्फ विचार गर्दा मिति २०६९/०४/२० को वरामदी मुचुल्कामा उल्लेख भएको कटुवा पेस्तोल थान १ र गोली राउण्ड ३, प्र.मनमाया तामाङ्गको कोठाबाट वरामद भएको, उक्त हतियार र गोली साइला भन्ने अमर लिम्वुले खरिद गर्न ल्याउन प्र.चमार तामाङ्गलाई भनि उक्त हतियार र गोली रु ९,०००।- मा वीरगन्जबाट खरिद गरी चमार तामाङ्गले अमर लिम्वुलाई दिएकोमा केही दिन पहिले लुटपाट गर्ने उद्धेश्यले उक्त हतियार अमर लिम्वुबाट लिई प्र. चमार तामाङ्गले आफ्नो कोठामा राखेको कुरामा प्रतिवादीहरु सावित नै रहेको र प्र.मनमाया तामाङ्ग र प्र.चमार तामाङ्ग लोग्ने स्वास्नी भएको, वरामदी हतियार खरखजाना आफ्नै कोठाबाट वरामद भएकोमा मनमाया तामाङ्गले अन्यथा हो भन्न नसकेको हुदा वरामद भएको पेस्तोल थान १ र सो को गोली राउण्ड ३ खरिद गर्न, आफुहरुसँग राख्न प्रतिवादी चमार तामाङ्ग, अमर लिम्वु र मनमाया तामाङ्गको आपसी मिलेमतो र संलग्नता रहेको तथ्य स्पष्ट भएकाले प्रतिवादी चमार तामाङ्ग,अमर लिम्वु र मनमाया तामाङ्गले विना ईजाजत अवैध हातहतियार खरखजाना खरिद गर्ने,आफुसँग राख्ने, साथमा लिई हिड्ने कार्य गरी हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) र ५(१) अनुसार कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले कसूरको मात्रा समेतलाई विचार गर्दा सोही ऐनको दफा २०(२) र २०(३) अनुसार प्रतिवादी विजय भन्ने चमार तामाङ्ग

र प्रतिवादी साइला भन्ने अमर लिम्वुलाई जनही ३ तीन वर्ष कैद र प्रतिवादी मनमाया तामाङ्गलाई रु १,००,०००।- एकलाख जरिवाना हुन्छ । वरामद भएको कटुवा पेस्तोल थान १ र गोली राउण्ड ३ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विजय भन्ने चमार तामाङ्ग र साइला भन्ने अमर लिम्वुलाई जनही ३ तीन वर्ष कैद सजाय ठहरी फैसला भएकोले प्रतिवादी विजय भन्ने चमार तामाङ्ग मिति २०६९/०४/२४ देखी र प्रतिवादी साइला भन्ने अमर लिम्वु मिति २०६९/०४/२६ देखी प्रहरी हिरासतमा बसेको देखिदा कानून बमोजिम सोही मितिबाट गणना गरी कैदीपूर्जि दिनु..........................................................................१

प्रतिवादी मनमाया तामाङ्गलाई रु १,००,०००।- एकलाख जरिवाना हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६९/०४/२० देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी जरिवाना रकम दाखिला गरेमा थुनाबाट छाडि दिनु, जरिवाना रकम दाखिला नगरेमा कानून बमोजिम जरिवाना वापतको कैद गर्न कैदीपूर्जि दिनू..........................................................................२

प्रतिवादीहरुले प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनु र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू ....................................... .... ..................................................................३

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु..........................................................................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ............५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ..........................................................................६

..................................

(**बसन्त राज गौतम**)

प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल माघ २२ गते रोज ४ शुभम् ..........................................................................